बबई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**नदीजन्य पदार्थ लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०।११।०८**

यस बबई गाउँपालिकाको बबई नदि आसपासको ओदाले र कालितारा क्षेत्रमा अबैधरुपमा संकलन गरी बेवारिसे अवस्थामा रहेको नदीजन्य पदार्थ जुन स्थानमा जे अवस्थामा छ सोहि अबस्थामा लिलाम बिक्री गर्ने गाउँ कार्यपालिकाको मिति २०८०।११।०६ गतेको निर्णय बमोजिम लिलाम बढाबढ गर्ने प्रयोजनका लागियो सूचना प्रकाशित गरिएको छ ।सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दि फाराम यस गाउँपालिकामा पेश गर्नु पर्नेछ । अन्य थप जानकारिका लागि कार्यलय समय भित्र यस गाउँपालिकाको कार्यलयमा सम्पर्क राख्न सकिनेछ ।

| ठेक्का नं | नदि क्षेत्र | परिणाम घ.मि | न्यूनतम कबोल अकं रु (भ्याट बाहेक) | धरौटी रकम प्रतिशत | लिलाम बिक्री फाराम खरिद दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| **BA/22/2080/081** | बबई नदि ओदाले र कालितारा आसपासको क्षेत्र वडा न ७ | १४५१।६६ | ४,१०,१६०।०० | कबोल अकंको ५ प्रतिशत | १००० | |

**शर्तहरु :**

१) उपरोक्त लिलाम बिक्रीको लागि सूचना प्रकाशित भएको मिति २०८०।११।०८ देखि २०८०।११।२२ सम्म कार्यलय समय भित्र फाराम खरिद गर्न र मिति २०८०।११।२३ गते दिउँसो १२:०० बजे भित्र यस कार्यलयमा सिलबन्दी फाराम बझाउनु पर्नेछ । मिति २०८०।११।२३ गते दिउँसो २:०० बजे लिलाम बिक्रीको सिलबन्दि फाराम प्रोपराईटर वा निजको प्रतिनिधीको रोंहबरमा खोलिनेछ । प्रोपराईटर वा निजको प्रतिनिधी उपस्थित नभए पनि लिलाम बिक्रीको सिलबन्दी फाराम खोल्न बाधा पर्ने छैन ।

२) ठेक्का सकार गर्ने फर्मले नदिजन्य पदार्थ उठाई सक्नुपर्ने समयावधि लगायतका अन्य शर्तहरु द्विपक्षिय सम्झौता बमोजिम हुनेछ ।

हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

# बबई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

बबई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हापुरे, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

३) लिलाम गर्नुपर्ने माल हाल जे जस्तो अबस्थामा सकार गर्नुपर्ने हुनाले बोलपत्रदाताले ठेक्का कबोल गर्नुअघि उक्त स्थलको निरीक्षण समेत गरी बोलपत्र पेश गर्नुपर्नेछ । पछि परिमाण वा गुणस्तरको बिषयमा कुनै प्रकारको बादबिवाद गर्न वा छुट वा मिनाहा माग गर्न पाईनेछैन ।

४) माथि उल्लेखित लिलाम बिक्री गरिने नदीजन्य पदार्थको ठेक्काको कबोल अंकको थप १३ प्रतिशतले हुने मु.अ. कर र १.५ प्रतिशतले हुन आउनेअग्रीम आयकर रकम अग्रिमरुपमा बुझाउनु पर्नेछ ।ठेक्काको कबोल अंक बाफतको राजश्व रकम एकमुष्ट बुझाउनु पर्नेछ । एकमुष्ट बुझाउन नसकिने अवस्थामा ५०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी बांकि ५० प्रतिशत ले हुन आउने रकम बराबरको २०८१ साल असार मसान्तसम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बंकैको परफरमेन्स वण्ड (बैंक ग्यारेण्टी) सम्झौता अगावै पेश गर्नु पर्नेछ ।

५) धरौटी बापत कवोल अंकको ५% ले हुन आउने धरौटी वापतको रकम नबिल बैंक लिमिटेड स्थित यस कार्यालयको Babai Ga 3 Dharauti Khata २२००१०१७५०००२१ मा जम्मा गरेको सक्कल बैंक भौचरको वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रतिको पेश गर्नुपर्नेछ । धरौटी बापत पेश गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त धरौटी कामकाज सम्पन्न सम्झौता पछि नियमअनुसार कागजात पेश गरेपछि फुकुवा गरिनेछ ।

६) लिलाम बिक्री फाराम फिर्ता नहुने गरि प्रमाणपत्रसहित नबिल बैंक लिमिटेड स्थित यस कार्यालयको Ga 1.1 Anatarik Rajaswa Khata २२००१०१७५०००३१ मा जम्मा गरेको सक्कल बंकै भौचरको पेश गरी लिलाम बिक्री फाराम खरिदगरि रितपुर्वक पेश गर्नुपर्नेछ।

७) काराणजनाई वा नजनाई लिलाम बिक्रीको फाराम स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यलयमा सुरक्षित रहनेछ ।

८) लिलाम बिक्रीको ठेक्कामा कुनै बिबादआयमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

९) लिलाम बिक्रीको कबोल रकम अंक र अक्षर दुबैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्नेता दिईनेछ ।

१०) यस सूचना तथा लिलाम बिक्रीको ठेक्काका अन्य शर्तहरु पुरा नभएका सिलबन्धी फारामहरु मुल्याङ्कनमा समाबेश गरिने छैन । अन्य कुराहरु नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत